# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०७९/०८०

## आमाबाबु विहीन बालबालिकाको आवेदन संकलन सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७९/०८/२३)

बागमती प्रदेश सरकारबाट स्वीकृत आ.व. २०७९/०८० मा कार्यान्वयन हुने सशर्त कार्यक्रम अन्तर्गत प्रति बालबालिका मासिक रु. २,०००।–(अक्षरेपी दुई हजार) का दरले भत्ता उपलब्ध गराउने प्रयोजनार्थ आमाबाबु विहीन बालबालिकाको संरक्षण कार्यक्रम कार्यान्वयनको लागि आमाबाबु विहीन १८ बर्ष उमेर पूरा नगरेका बालबालिका वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले गाउँपालिकाले तोकेको आवेदनको ढाँचा वमोजिम सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजातहरु सहित मरिण गाउँपालिका अन्तर्गतका सम्बन्धित वडा कार्यालयमा आवेदन दिन हुन सरोकारवालाहरु सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

❖ <u>आवश्यक कागजातहरु</u>

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
- बाबु र आमा दुबैको मृत्यूदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुबै वेपत्ता भएको वा दुवैको संरक्षण वा रेखदेखबाट बञ्चितिमा परेको प्रमाणित कागजात,
- विद्यालयमा भर्ना भई नियमित विद्यालयमा जाने गरेको भनि सम्बन्धित विद्यालयले दिएको सिफारिस पत्र (५ बर्ष पूरा गरेको बालबालिकाको हकमा मात्र)
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- संरक्षकको हकमा सम्बन्धित बालबालिकाको संरक्षक हो भनि वडाले प्रदान गरेको सिफारिस।

२०७९/०८/२३

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

<u>पुनश्चः</u> आवेदनको ढाँचा यसै सूचना साथ संगलन गाउँपालिकाको वेभसाइटवाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।